शान्ति तथा पुनर्निर्माण मन्त्रालय र अन्तर्गतबाट आ .ब. २०७०।०७१ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री नरहरि अचार्य ज्यू को अध्यक्षतामा मिति २०७१ भाद्र ११ गतेका दिन सम्पन्न भयो ।

उक्त बैठकमा आर्थिक वर्ष २०७०।७१ मा भएका महाशाखागत एवम् परियोजनागत प्रगति तथा कार्यान्वयनको दौरान आइपरेका समस्याहरुको बारेमा सम्बन्धित महाशाखा प्रमुखहरु तथा कार्यक्रम/आयोजना प्रमुखहरुले प्रस्तुत गर्नु भयो । जसअनुसार अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालय बजेट उपशीर्षक तर्फको भारित प्रगति ६९.९० प्रतिशत वित्तिय प्रगति ८१.०४ प्रतिशत,पुनर्निर्माण तथा पुनस्थापन कार्यक्रम अन्तर्गत राहत तथा पुनस्थापन इकाईको भारित प्रगति ९४.९६ वित्तिय प्रगति ८२.९३ प्रतिशत, पुनर्निर्माण तर्फको भौतिक प्रगति ८८.५७ वित्तिय प्रगति ८०.७८ प्रतिशत शान्ति प्रक्रिया सहयोग आयोजना तर्फको भौतिक प्रगति ५३.६० वित्तिय प्रगति ५३.६० प्रतिशत, द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम तर्फ भौतिक प्रगति शतप्रतिशत र वित्तिय प्रगति १०० प्रतिशत, स्थानिय शान्ति समिति तर्फ भारित प्रगति ९६.६३ प्रतिशत, वित्तिय प्रगति ९५.८४ प्रतिशत ,शान्तिका लागि विकास कार्यक्रम तर्फको भौतिक प्रगति १००.३ प्रतिशत र वित्तिय प्रगति ८८.२६ प्रतिशत रहेको पाइयो ।

प्रस्तुत मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) बाट निम्न निर्णयहरु गरियो :

निर्णय नं. १

पुनर्निर्माण राहत तथा आर्थिक सहायता वितरण, सम्पत्ती क्षति लगायत द्वन्द्वको क्रममा भएका घटनाहरुको सम्बन्धमा एउटा निश्चित अवधि किटान गरी सो अवधि भित्रका घटनाहरुको सम्बन्धमा मात्रै शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट सम्बोधन गर्ने र अन्य प्रकृतिका घटनाहरुका सम्बन्धमा सरोकारवाला निकायहरुबाटै सम्बोधन गर्न सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

निर्णय नं. २

द्वन्द प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत सकंलन कार्यदलको म्याद २०७० साल अषाढ मसान्त सम्म रहेकोमा उक्त कार्यदलको म्याद थप हुन नसकेकोले कार्यदलले सम्पादन गर्दै आएका कार्यहरु अगाडी बढ्न सकिरहेको छैन । कार्यदलको कार्यादेश अनुसारका काम गर्न केही समयका लागि पुन त्यस्तै प्रकृतिको कार्यदल गठन गर्ने वा अन्य कुनै संयन्त्र निर्माण गरी कार्यदलले गर्दै आएको कार्य सम्पन्न गर्ने भन्ने विषयमा तत्काल निर्णय हुन आवश्यक भएकोले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गरी उपयुक्त निकास निकाल्ने ।

निर्णय नं. ३

पुनर्निर्माण सम्पन्न भएको पाल्पा दरबार कुन निकायलाई हस्तान्तरण गर्ने भन्ने विषयमा स्थानीय तहमा राजनैतिक दलहरु विचमा सहमति कायम हुननसकेकोले उक्त विषयलाइ NDAC बैठकमा पठाउने ।

निर्णय नं. ४

मन्त्रालय र मातहतका निकायहरुबाट संचालित कार्यक्रम तथा आयोजनाहरुको अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने ।

निर्णय नं. ५

आ.ब.२०७०/०७१ बेरुजु फछ्यौट प्रगति ३७.५६ प्रतिशत रहेकोमा आगामी आ.ब. मा सम्परीक्षण तर्फ तदारुकताका साथ ध्यान दिई फछ्यौटको प्रतिशतलाई अझ बढाउने ।

निर्णय नं. ६

मन्त्रालय मातहतका निकायहरुको कार्यक्रम स्वीकृत गरी अख्तियारी र कार्यक्रम समयमानै पठाउने ।

मिति : २०७१ साल भाद्र ११ गते बुधबार